# अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

प.सं.(Reference No: ०८१।८२

च.नं.(Dispatch No):-

मितिः२०८१।०९।०८

## प्रेस विज्ञप्ती

मिति २०८१।०९।०७ गते यस अर्जुनचौपारी गाउँपालिकाको ३८औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** मिति २०८१/०९/०७ गते देखि आह्वान गरिएको अर्जुनचौपारी गाउँसभाको १६ औं हिउँदे अधिवेशन भव्य र सभ्य सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** गाउँपालिकाका भित्रका सम्पूर्ण वडाकार्यालयबाट संशोधन तथा रकमान्तर लागि पेश भएका देहायका योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर लागि गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** चालु आर्थिक वर्ष २०८१/०८२ को लागि विनियोजन भएका देहायका पालिकास्तरीय योजना तथा कार्यक्रमहरु संशोधन, नयाँ योजना थप एवं स्वीकृतिका लागि गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** सङ्घीय समपूरक र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्तावन आव्हान सम्बन्धी सूचना अनुसार नेपाल सरकारले ६० प्रतिशत र गाउँपालिकाले ४० प्रतिशत बजेट व्यहोर्ने गरी समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रम प्राथमिकीकरणका साथ तपसिल बमोजिमका योजना छनौट गरी राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौमा पठाउने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| समपुरक अनुदान संघ तर्फ | | | |
|---|---|---|---|
| क्र.स | आयोजनाको नाम | बजेट | अवधि |
| १ | अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक निर्माण | ७ करोड | ३ वर्ष |
| २ | अर्जुनचौपारी-दरौं सडक निर्माण | ६ करोड | २ वर्ष |
| ३ | अर्जुनचौपारी-सल्यान-आग्रीखर्क सडक निर्माण | ३ करोड | १ वर्ष |
| विशेष अनुदान संघ तर्फ | | | |
| क्र.स | आयोजनाको नाम | बजेट | अवधि |
| १ | विद्यालय शिक्षा सुधार कार्यक्रम | १ करोड | १ वर्ष |
| २ | पोषण तथा खाद्य सुरक्षा कार्यक्रम | २ करोड | २ वर्ष |
| ३ | अर्जुनचौपारी भित्रका खानेपानी बृहत मर्मत सम्भार | ३ करोड | ३ वर्ष |

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाको साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण कार्यविधि, २०८१ र अर्जुनचौपारी गाउँपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐनमा जग्गा मूल्याङ्कनको कर प्रयोजनमा एकरुपता ल्याउन गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धर्न बहादुर गुरुङ

प्रवक्ता

*"साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी"*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com